TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, छैटौं अङ्क, फाल्गुण २०८०-वैशाख २०८१)

## काठमाडौं महानगरपालिकासँगको कार्यक्रम

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट काठमाडौं महानगरपालिकासँगको सहकार्यमा सम्पदा र पर्यटनसम्बन्धी दुईतिदने कार्यक्रम यही फागुन ११ र १२ गते सम्पन्न भएको छ । उक्त कार्यक्रमको पहिलो दिन बमविकटेश्वर मन्दिर परिसर टेकु र दोस्रो दिन हाँडीगाउँमा भयो । कार्यक्रमको अध्यक्षता विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाबाट र प्रमुख आतिथ्यता प्रा.डा. वीणा पौडेलबाट भयो । कार्यक्रममा विभागका निवृत्त प्राध्यापकज्यूहरु, कार्यरत प्राध्यापकज्यूहरु, कर्मचारीहरु, एम्.ए., एम्फिल्, पिएच्डी तहका विद्यार्थीहरु, काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरु र स्थानीयहरुको सहभागिता थियो । उक्त कार्यक्रममा संस्कृति विभागमा कार्यरत आठैजना प्राध्यापकहरुले काठमाडौं महानगरपालिका भित्रका ममूर्त र अमूर्त सम्पदा र पर्यटनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । सम्पदासम्बन्धी कार्यक्रम सम्पदा क्षेत्रमा नै सम्पन्न गर्नुपर्ने मान्यता अनुसार यस कार्यक्रमका लागि ती क्षेत्रहरु रोजिएका हुन् । कार्यक्रममा इन्जिनियर विद्यासुन्दर वैद्य र संस्कृति विभागका विद्यावारिधी शोधार्थी आसुतोस प्रधानले पनि कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यक्रम पछि हाँडीगाउँ क्षेत्रको सम्पदा पदयात्रा गरिएको थियो । यस अघि पुष १३ गते शुक्रबार चन्द्रागिरि नगरपालिकासँग पनि सम्पदासम्बन्धी यस्तै कार्यक्रम गरिएको थियो ।



## अन्तरराष्ट्रिय सम्बन्ध तथा सम्झौता

संस्कृति विभागले चिनको नर्थवेस्ट यूनिभर्सिटिको कोल्याबरेटिभ रिसर्च सेन्टर फर द आर्क्योलोजि अफ् सिल्करोडसँग दुई पक्षीय सम्झौता गरेको छ । गत मार्च १९, २०२४ मा भएको उक्त सम्झौतामा दुवै संस्थाबीच सम्पदा र पुरातत्वका विषयमा अध्ययन, अनुसन्धान, तालिम, सेमिनार र शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु आदानप्रदान गर्ने कुरा समावेश गरिएका छन् । उक्त सम्झौतामा नर्थवेस्ट विविका तर्फबाट डाइरेक्टर प्रा. जाओ रोंग र त्रि.वि. संस्कृति विभागका तर्फाबाट विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाले गर्नु भएको छ । आगामी जुनसम्ममा विस्तृत कार्ययोजना निर्माण गरी यस सम्झौताको कार्यान्वयनलाई मूर्त रुप दिने पनि सहमती भएको छ । यसबाट पुरातात्विक अध्ययन, अनुसन्धान र उत्खनन्का क्षेत्रमा दुवै पक्ष लाभान्वित हुने छन् ।





TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY
BULLETIN
(त्रैमाशिक, छैटौं अङ्क, फागुन २०८०-वैशाख २०८१)

## Research Finding Dessimination Program

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले गत २०८०।१२।१२ का दिन विभागमा गरिएका अनुसन्धानको प्राप्तिलाई सार्वजनिकीकरण गर्ने कार्य गरेको छ । उक्त अवसरमा आर्थिकवर्ष २०७९।८० मा विभागको आन्तरिक स्रोतबाट सन्चालित लघु अनुसन्धान परियोजना अन्तर्गतका ४ वटा र त्रि.वि. रेक्टर कार्यालयको अनुसन्धान परियोजनाबाट पूरा गरिएका २ वटा गरी जम्मा ६ वटा अनुसन्धानका प्राप्ति सार्वजनिकरण गरिएको हो । कार्यक्रममा डा. महेश कुमार आचार्य, डा. पुनम राणा, डा. सन्ध्या खनाल, डा. निर्मला पोखेल, डा.पशुपति नेउपाने र डा. तीना मानन्धरले प्रतिवेदन प्रस्तुति गर्नु भयो । कार्यक्रममा प्रमुख अतिथि पूर्व रजिष्ट्रार प्रा.डा. पेशल दाहाल हुनुहुन्थ्यो भने अध्यक्षता विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाले गर्नु भएको थियो । कार्यक्रममा प्रा.डा. प्रेमकुमार खत्री, प्रा.डा. माला मल्ल, प्रा.डा. मदनकुमार रिमाल र प्रा.डा. कमला दाहालको पनि उपस्थिति थियो । यसैगरी विभागमा अध्ययनरत एमुए र एम्फिलका साथमा विद्यावारिधि तहका शोधार्थीहरुको समेत उपस्थिति रह्यो ।






## अभिमुखिकरण कार्यक्रम



यही २०८०।१०।२६ गते शुक्रवार स्नातकोत्तर तह प्रथम सेमेस्टरको तथा २०८०।१२।१८ गते आइतवार दर्शनाचार्य/विद्यावारिधि तह प्रथम सेमेस्टरका नयाँ भर्ना भएका विद्यार्थीहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भए र यी दुवै तहका नियमित कक्षाहरु सुचारु भएका छन् ।

## भक्तपुर नगरपालिकासँग अन्तरकृया कार्यक्रम

यही मिति २०८१।१।२५ गते मंगलवारका दिन त्रि.वि.को संस्कृति विभागले भक्तपुर नगरपालिकासँगको सहकार्यमा भक्तपुरका सम्पदा, संस्कृति र पर्यटन विषायक एक अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ । विभागका वरिष्ठ प्राध्यापकहरु, फ्याकल्टीहरु, कर्मचारी र तिनै तहका विद्यार्थीहरु सहभागी यस कार्यक्रममा नेमकिपाका अध्यक्ष, भक्तपुरका प्रदेश सभासद, भक्तपुर नगरपालिकाका मेयर, उपमेयर र अन्य पदाधिकारी तथा सरोकारवालाहरुको उपस्थिति रह्यो । यस कार्यक्रमबाट नगरपालिका र त्रिविको संस्कृति विभागसँग सहकार्य गर्ने मार्गप्रशस्त भएको छ । भक्तपुर नगरपालिकाले यस विभागमा अध्ययन गर्ने सवै तहका विद्यार्थी तथा शोधार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।




सम्पादकः प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेलः head@cdnhca.tu.edu.np, फोनः ०१४३३१९७६